मधेश प्रदेश सरकार

# अर्थ मन्त्रालय

पत्र संख्या:- २०८१/८२
चलानी नम्बर १

जनकपुरधाम, नेपाल।

मितिः २०८१/०४/०२

विषयः आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन।

प्रिय सहकारीज्यू,

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय(प्रशासन), मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
प्रदेश सभा सचिवालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
अर्थ मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
गृह, सञ्चार तथा कानून मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
भौतिक पूर्वाधार विकास मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
ऊर्जा, सिँचाई तथा खानेपानी मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
श्रम तथा यातायात मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
शिक्षा तथा संस्कृति मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
खेलकुद तथा समाज कल्याण मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
प्रदेश नीति तथा योजना आयोग, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
मुख्यन्यायाधिवक्ताको कार्यालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।

आर्थिक वर्ष २०८१/८२ मा प्रदेश मन्त्रालय/निकायहरुको निमित्त मधेश प्रदेश संचित कोषबाट खर्च गर्ने अधिकारका लागि संवैधानिक प्रावधान अनुरुप २०८१ असार १ गते प्रदेश सभामा राजश्व र व्ययको अनुमान र २०८१ असार ३० गते विनियोजन विधेयक पेश भई पारित भईसकेको एवं सो ऐन मधेश प्रदेश सरकारको राजपत्रमा सम्वत् २०८१ सालको ऐन नम्वर २ को रुपमा प्रकाशन समेत भईसकेको व्यहोरा यहाँहरुलाई अवगत नै छ। सोही अनुसार प्रदेश विनियोजन ऐन, २०८१ को दफा ८ को उपदफा (१) र (३) बमोजिम प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) प्रविष्टि भएको रकमलाई बजेट खर्च गर्ने अख्तियारी मानी उक्त ऐन प्रारम्भ भएको मितिदेखि आर्थिक वर्ष २०८१/२०८२ का लागि तहाँ अन्तर्गत निकायहरुमा विनियोजित रकम प्रचलित कानून बमोजिम खर्च गर्ने/गराउने, लेखा राखे, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने गराउने समेतको जिम्मेवारी तहाँबाट बहन हुने विश्वास लिएको छ।



२०८१/४/२

श्याम चन्द्र शिवाको

मधेश प्रदेश सरकार

# अर्थ मन्त्रालय

पत्र संख्या: २०८१/८२

चलानी नम्बर

जनकपुरधाम, नेपाल।

आर्थिक वर्ष २०८१/२०८२ को बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन देहाय बमोजिम व्यवस्था मिलाइएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन आदेशानुसार अनुरोध गर्दछु।

**अख्तियारी, कार्यक्रम स्वीकृत तथा बजेट बाँडफाँटः**

१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Province Line Ministry Budgetary Information System - PLMBIS) मा प्रविष्टि भएको कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम मान्नु हुनेछ र खर्च गर्ने अख्तियारी मानी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र मातहतका इकाई कार्यालयहरुले कार्यान्वयन इकाईलाई बजेट निकासा गर्नेछन्।

२. कुनै निकायमा एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन रहेको भएमा वा खर्च गर्ने निकाय संशोधन गर्नुपर्ने भएमा २०८१ कार्तिक मसान्त भित्र सम्पूर्ण रकम कार्यान्वयन गर्ने निकाय यकीन गरी उपलब्ध गरिसक्नु पर्नेछ र सो को जानकारी अर्थ मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु हुनेछ।

३. खर्च शीर्षक नं. २८९११ (भैपरी आउने - चालु खर्च), ३१५११ (भैपरी आउने - पुँजीगत खर्च) र अन्य खर्च शीर्षकहरुमा एकमुष्ट बजेट विनियोजन भएको भए सो राख्नुको प्रयोजन स्पष्ट गरी वार्षिक कार्यक्रम अर्थ मन्त्रालयबाट स्वीकृत गराई मात्र खर्च गर्नुपर्नेछ। यस्ता कार्यक्रम स्वीकृति २०८१ भदौ मसान्तभित्र गरी सक्नुपर्नेछ।

४. वार्षिक स्वीकृत कार्यक्रममा विनियोजित बजेटको तेस्रो त्रैमासिक सम्म हुन नसकेमा वा बाँकी अवधिमा खर्च हुन नसक्ने ठहर भएमा त्यस्तो रकम २०८१ चैत्र १५ गतेभित्र अनिवार्य रुपमा अर्थ मन्त्रालयमा समर्पण गर्नु हुनेछ।

**कार्यक्रम/आयोजना हस्तान्तरण र कार्यान्वयनः**

५. नेपाल सरकारबाट सशर्त अनुदान मार्फत हस्तान्तरण भएका आयोजना/कार्यालय/कार्यक्रमको बजेट तहाँ अन्तर्गत समावेश गरिएको हुँदा मातहत सम्बन्धित निकायहरुलाई अख्तियारी प्रदान गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ। सशर्त अनुदानमा राखिएको रकम तोकिएका कार्यक्रमको लागि मात्र खर्च गर्नु हुनेछ। नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानमा संचालित हुने योजना वा कार्यक्रम कार्यान्वयनका लागि द्विविधा पर्न गएमा यस मन्त्रालय र सम्बन्धित संघीय मन्त्रालयसँग समन्वय गर्नुहुनेछ। संघको अनुदान, बैदेशिक सहायता, नेपाल सरकारको ऋण रहेका कार्यक्रमहरुमा स्रोतको रकमको सुनिश्चितता नभई कार्यक्रम कार्यान्वयन गर्नुहुने छैन।

६. विनियोजन ऐन, २०८१ बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी विनियोजित भएको कुनै योजना वा कार्यक्रम संघ तथा स्थानीय तह मार्फत कार्यान्वयन गर्नु पर्ने भएमा संघ तथा स्थानीय तहबाट कार्यक्रम कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ।



२०८१।४।२

थियाकोटी

मधेश प्रदेश सरकार

# अर्थ मन्त्रालय

पत्र संख्या:- २०८१/८२
चलानी नम्बर

जनकपुरधाम, नेपाल।

७. प्रदेश सरकारबाट स्थानीय तहलाई हुने वित्तीय हस्तान्तरण देहाय बमोजिम हुने गरी व्यवस्था मिलाउनु हुनेछ।

क) प्रदेशले प्रदान गर्ने समानीकरण अनुदान भाद्र १ गते, मंसीर १ गते, फागुन १ गते र जेठ १ गते चार किस्तामा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रदान गरिनेछ। यसरी प्रदान गर्दा सम्बन्धित स्थानीय तहले अघिल्लो अवधिसम्मको वित्तीय प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ।

ख) प्रदेशले प्रदान गर्ने मधेशको सुख्खाग्रस्त समस्याको सम्बोधन गर्ने गरी विनियोजन गरेको सशर्त अनुदान, मधेशको सामाजिक विकास सूचकांकमा कमजोर रहेको स्वास्थ्य र सुख्खाक्षेत्रको समस्याको सम्बोधन गर्ने गरी विनियोजन गरेको विशेष अनुदान र समपुरक अनुदान तोकिएको कार्यविधि पुरा गरेको विवरण पेश भएपछि प्रदेश लेखा नियन्त्रक कार्यालयबाट दुई (२) किस्तामा निकासा प्रदान गरिनेछ। यसरी अनुदान प्रदान गर्दा तोकिएका पुरा विवरण प्राप्त भएपछि पहिलो किस्ता र कामको प्रगति विवरण पेश भएपछि दोश्रो किस्ता रकम निकासा हुनेछ।

८. विषयगत मन्त्रालयले प्रदेश तथा स्थानीय तहमा कार्यान्वयन हुने सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रमको अद्यावधिक अभिलेख राख्नु हुनेछ। विनियोजन ऐन, २०८१ बमोजिम स्थानीय तहले सशर्त अनुदान अन्तर्गतका हस्तान्तरण भएका कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा हस्तान्तरण भएको रकम अपर्याप्त भई थप रकम आवश्यक भएमा सशर्त अनुदान हस्तान्तरण हुदाँका बखतका साविकको सुरु सम्झौता बमोजिमको दायित्व, रकम माग गरेको दिनसम्मको खर्च र आयोजना सम्पन्न हुने मिति सहित त्यस्तो कार्यक्रम/योजनाको कार्य प्रगतिको आधारमा मात्र सम्बन्धित मन्त्रालय मार्फत थप रकम माग आउने व्यवस्था मिलाउनु हुनेछ।

९. अन्तर सरकारी वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहमा सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रम/योजना कार्यान्वयन गर्ने सन्दर्भमा खर्चका स्वीकृत मापदण्ड र कार्यविधि सम्बन्धित स्थानीय तहमा उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ।

१०. स्थानीय तहले सशर्त, विशेष र समपुरक अनुदान वापत हस्तान्तरण भएका योजना तथा कार्यक्रमको भौतिक तथा खर्च भएको रकमको प्रगति विवरण अवधि समाप्त भएको ७ दिनभित्र र वार्षिक आर्थिक विवरण आगामी वर्षको श्रावण मसान्तभित्र सम्बन्धित प्रदेश कोष लेखा नियन्त्रक कार्यालय वा लेखा इकाई कार्यालयमा बुझाउनु पर्नेछ।

२०८१।४।२

प्रकाश चन्द्र शिवाकोटी



CamScanner

मधेश प्रदेश सरकार
# अर्थ मन्त्रालय

पत्र संख्या:-२०८१/८२
चलानी नम्बर

जनकपुरधाम, नेपाल।

**बजेट निकासा तथा बजेट कार्यान्वयन व्यवस्थाः**

११. विनियोजन ऐन, २०८१ अनुसार कार्यक्रम/आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने कुनै नयाँ ऐन तर्जुमा गर्नुपर्ने वा विद्यमान ऐन संशोधन गर्नुपर्ने भएमा ऐनको मस्यौदा असोज मसान्तसम्म प्रदेश सरकार मन्त्रिपरिषद्मा पेश गरी सक्ने व्यवस्था मिलाउनु हुनेछ।

१२. विनियोजन ऐन, २०८१ अनुसार स्वीकृत कार्यक्रममा समावेश भई रकम विनियोजन भएको कार्यक्रमको कार्यान्वयनका लागि कार्यविधि आवश्यक पर्ने देखिएमा प्रदेश सरकार अर्थ मन्त्रालयको सहमति लिई सम्बन्धित मन्त्रालयले आवश्यक कार्यविधि बनाउन सक्नेछ। सो कार्यविधि स्वीकृत भएको ७ दिनभित्र वेवसाइटमा राखु हुनेछ।

१३. स्वीकृत वार्षिक कार्यक्रम/आयोजनाहरु सम्पन्न गर्ने अवधिभरका लागि जनशक्ति योजना सहित आवश्यक दरबन्दीहरु प्रचलित कानून अनुसार स्वीकृत गराएर मात्र कार्यान्वयनमा लैजानुहुनेछ।

१४. बजेटको प्रभावकारी कार्यान्वयनका लागि बजेटमा समावेश भएका कार्यक्रमहरुको समय सीमा सहितको कार्यक्रम कार्यान्वयन कार्ययोजना असोज मसान्तभित्र अनिवार्य रुपमा स्वीकृत गरी कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनु हुनेछ। यसका लागि बजेट वक्तव्यको बुँदा १४७ मा भएको प्रावधान अनुसार कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउनु हुनेछ। सार्वजनिक निर्माणका कार्यहरु गर्दा गराउँदा खुला एवं प्रतिस्पर्धी खरिद विधि अनुसार गर्न गराउन भदौ महिनाभित्र खरिद योजना स्वीकृत गरी असोज मसान्तभित्र बोलपत्र आव्हान गर्ने गराउने गरी प्राथमिकता दिनु हुनेछ।

१५. चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम र बजेटको आधारमा बहुवर्षीय खरिद/ठेक्का गर्नु परेमा पछिल्ला वर्षहरुको स्रोत सुनिश्चितताका लागि अर्थ मन्त्रालयको पूर्व सहमति अनिवार्य लिनु हुनेछ। यस अघी श्रोत सुनिश्चितता प्रदान गरिएका सबै दायित्व बजेट प्रणालीमा आवद्ग भईसकेकोले यस पछि कुनै पनि दायित्व कायम रहेको छैन। सो अनुसार वजेट प्रणालीमा आवद्ग भएको विषय वाहेक अन्य कुनैपनि आधारमा थप रकम माग गर्नुहुनेछैन।

१६. स्रोतको सुनिश्चितता नभई कार्यक्रम स्वीकृत वा संशोधन नगर्ने/नगराउने व्यस्थाको पालना गर्नु हुनेछ। स्रोतको सुनिश्चितता नभई शुरू गरिएका खरिद प्रकृया वा अन्य कार्यबाट सिर्जना हुने दायित्वका लागि अर्थ मन्त्रालयबाट थप निकासा, रकमान्तर, स्रोतान्तर गरिने छैन। विगतमा श्रोत सुनिश्चितता प्रदान भएका विषय वजेट कार्यक्रम स्वीकृत भईसकेपछि त्यस्तो दायित्वका लागि छुट्टै रकम थप नहुने भएकोले वजेट तथा कार्यक्रममा भएको विनियोजनमा आधारित भई खरिद कार्य गर्ने गराउने जिम्मेवारी तहाँ कै हुनेछ। यस प्रावधान भन्दा वाहिर गई कुनैपनि प्रकारले थप आर्थिक दायित्व सिर्जना गर्नुहुने छैन।

२०८१/४/२
सुवास चन्द्र शिवाकोटी
प्रदेश सचिव



CamScanner

मधेश प्रदेश सरकार
# अर्थ मन्त्रालय

पत्र संख्या:- २०८१/८२
चलानी नम्बर

जनकपुरधाम, नेपाल।

१७. श्रोत सुनिश्चितताका लागि माग गर्नुपर्दा प्रक्रिया पुरा गरी पहिलो त्रैमासिक अवधि पश्चात मात्र आगामी वर्षहरुको लागि आवश्यक पर्ने रकम मध्यकालीन खर्च संरचनाको सीमा भित्र रहने गरी गर्न सकिने हुन्छ। यस सम्वन्धमा प्रचलित आर्थिक कार्यविधि कानूनमा आधारित भई प्रस्तावहरु गर्नुपर्ने विषयमा ध्यान दिनुहुनेछ।

१८. प्रथम त्रैमासिक अवधिसम्म विनियोजन ऐनमा भएको प्रावधान अनुसार गर्नुपर्ने विषय वाहेक अन्य कुनै पनि रकमान्तर र कार्यक्रम संशोधन गरिने छैन।

१९. विपद जोखिम न्यूनीकरण आयोजना कार्यक्रमको बाहेक कार्तिक मसान्त भित्र टेक्का लगाइसक्नु पर्नेछ। मंसीर मसान्त पछि कुनै पनि किसिमबाट टेक्का सम्झौता गरिने छैन। सो पश्चात गर्नु पर्ने भएमा अर्थ मन्त्रालयको स्वीकृति लिई मात्र गर्नु पर्नेछ। अन्य सालवसाली आयोजना/कार्यक्रम तोकिएको समय भन्दा पछि कुनै पनि किसिमको टेक्का सम्झौता गरिने छैन।

२०. आयोजना प्रमुख लगायत अन्य कर्मचारीहरुलाई स्पष्ट कार्य विवरण, मुख्य कार्यसम्पादन सूचकहरु आवश्यक अधिकार एवं जिम्मेवारी र उत्तरदायित्व तोकी भदौ १५ गते भित्र आयोजनामा खटाउनु हुनेछ।

२१. आयोजना/कार्यक्रमको भौतिक प्रगतिका आधारमा मात्र भुक्तानी दिने व्यवस्था मिलाइएको छ। पहिलो त्रैमासिक निकासा/भुक्तानीको लागि भौतिक प्रगति आवश्यक पर्ने छैन। दोस्रो र तेस्रो त्रैमासिक निकासा/भुक्तानीका लागि सो अवधिसम्मको भौतिक प्रगति न्यूनतम ५० प्रतिशत हुनु पर्नेछ। प्रदेश लेखा नियन्त्रक कार्यालयले निकासा प्रदान गर्दा प्रगतिको आधारमा निकासा प्रदान गर्नुपर्नेछ।

२२. आयोजना कार्यान्वयनमा सहजता ल्याउन वातावरणीय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षणका कार्यहरु प्रचलित कानुनमा तोकिएको न्यूनतम समय सीमा भित्र सम्पन्न गर्नु हुनेछ।

२३. विभिन्न किसिमका कोष, समिति, आयोगलाई प्रदान गर्नुपर्ने अनुदान अन्तर्गत विनियोजन भएको रकम सम्वन्धित कार्यक्रम स्वीकृति सम्वन्धी व्यवस्था अनुसार समयमा नै दुई (२) किस्तामा उपलव्ध गराउने गरी व्यवस्था मिलाउनु हुनेछ। यस प्रकारको अनुदान निकासा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुनेछ।

२४. सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०७१ अनुसार मालसामान तथा वस्तु खरिद गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२५. कार्य सम्पन्न भएपछि कामको प्रमाणीकरण गरी कार्य सम्पन्न भएको मितिले १० दिनभित्र कार्य सम्पन्न बिल तयार गर्न लगाउनु हुनेछ। बिल पेश भएको मितिले १५ दिनभित्र बिल स्वीकृत गरी भुक्तानीको व्यवस्था मिलाउनु हुनेछ।

२०८१/४/२

सुवास चन्द्र शिवाकोटी
प्रदेश सचिव



CamScanner

२६. सार्वजनिक खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार बजेटमा परेका आयोजना कार्यक्रमको त्रैमासिक विभाजन सहितको वार्षिक खरिद योजना, विस्तृत डिजाइन र लागत अनुमान, बोलपत्रको कागजात तयार गरी असोज मसान्त भित्र स्वीकृत गरिसक्ने व्यवस्था मिलाउनु हुनेछ।

२७. कार्तिक मसान्त भित्र बोलपत्र मूल्याङ्कन गरी ठेक्काको बन्दोबस्त तथा खरिद सम्झौता गर्नुहुनेछ। ठेक्का सम्झौता भएको १५ दिन भित्र कार्य शुरु गर्ने गरी कार्यदेश दिने व्यवस्था मिलाउनु हुनेछ।

२८. बजेटमा परेका सबै विकास आयोजना तथा कार्यक्रमको कार्यान्वयन प्रारम्भिक चरणका कार्य पूरा गरी पहिलो त्रैमासिक भित्र कार्य प्रारम्भ हुने तथा कार्यदेश दिने व्यवस्थाको लागि मातहतका निकाय र आयोजना प्रमुखलाई जिम्मेवार बनाउनु हुनेछ।

२९. विपद्को अवस्था, प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णय र विशेष अवस्था बाहेक दोश्रो त्रैमासिक अवधिसम्म थप निकासा दिईने छैन।

३०. विनियोजित बजेटको सीमा भित्र रही प्रचलित आर्थिक कार्यविधि कानून र खरिद कानूनको पूर्ण पालन गरी कार्यक्रम कार्यान्वयन गर्नु/गराउनु हुनेछ।

**बजेट खर्च, रकमान्तर,कार्यक्रम संसोधन तथा प्रतिवेदनः**

३१. स्वीकृत वार्षिक कार्यक्रमको त्रैमासिक विभाजन संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायको एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनुपर्नेछ। यसरी कार्यक्रम संशोधन गर्दा साबिकको बजेट घटने देखिएमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट बजेट रोक्का राखेको पत्र प्राप्त भएपछि मात्र संशोधन गरिनेछ। साथै सो को जानकारी अर्थ मन्त्रालयमा दिनु हुनेछ। यसरी नियमानुसार कार्यक्रम संशोधन गर्नु परेमा विनियोजन ऐन, २०८१ को अधिनमा रही कार्यक्रम संशोधन प्रक्रिया, रकमान्तर, स्रोतान्तर, थप निकासा लगायतका प्रक्रिया पूरा गरी PLMBIS प्रविष्टि गरेपछि मात्र खरिद प्रक्रिया अगाडी बढाउनु पर्नेछ।

३२. स्वीकृत रकम एक बजेट उपशीर्षकबाट अर्को उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा रकमान्तर गर्नु परेमा घटाउने बजेट उपशीर्षक वा खर्च शीर्षकमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट बजेट रोक्का राखेको जानकारी पत्र सहित रकमान्तर माग गर्नु गराउनु हुनेछ।

३३. तलब, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, संचार महसुल र भाडामा आगामी वर्षको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नु गराउनु र सम्बन्धित निकायबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब, भत्ता बापतको रकम भुक्तानी गर्नु पर्नेछ।

३४. स्वीकृत दरबन्दी तथा बजेटको परिधिभित्र रहेर मात्र सेवा करारका कर्मचारीहरुको व्यवस्थापन गर्नु हुनेछ। सेवा करारमा कार्यरत व्यक्तिहरुको पारिश्रमिक/सेवा शुल्क खर्च शीर्षक नं. २२४१२ बाट मात्र खर्च लेख्नुहुनेछ।



२०८१/४/२
सुवास चन्द्र शिवाकोटी
प्रदेश सचिव

CamScanner

३५. चालु एवं अनिवार्य दायित्वका लागि पर्याप्त बजेट विनियोजन भएकै छ। सो अनुसार मासिक नगद योजना तयार गरी बर्षभरीका लागि श्रोतको प्रवन्ध गर्नु गराउनु हुनेछ।

३६. विनियोजित बजेट तथा स्वीकृत कार्यक्रममा नरहेका आयोजना/कार्यक्रमको कार्यान्वयन प्रक्रिया अगाडी बढाउनु हुने छैन र स्वीकृत नभएका कार्यक्रमका लागि थप निकासा माग गर्नु हुने छैन।

३७. नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान संचालन हुने कार्यक्रमहरुको बजेट निकासा महालेखा नियन्त्रक कार्यालयबाट खर्च विवरणका आधारमा त्रैमासिक रुपमा प्राप्त हुने हुँदा खर्चको विवरण त्रैमासिक अवधि समाप्त भएको ७ गते भित्र अर्थ मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु हुनेछ।

३८. पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत, स्टेशनरी खर्च, भत्ता, तालिम, गोष्टी, सेवाशुल्क, भ्रमण खर्च जस्ता प्रशासनिक खर्चमा अत्यन्त मितव्यीता अपनाई खर्च गर्नु पर्नेछ। आवश्यकता र औचित्यका आधारमा मात्र अनुगमन तथा भ्रमण खर्च प्रदान गर्ने गराउने व्यवस्था मिलाउनु हुनेछ।

३९. सरकारी कार्यालयहरुले सकेसम्म व्यापारिक क्षेत्र र प्रमुख मार्गका घर वहालमा नलिने र न्यूनतम आवश्यकता र सुविधा भएको घर वहालमा लिनुपर्नेछ। नयाँ फर्निचर तथा अन्य सामाग्री भएकोलाई मर्मत संभार गरी प्रयोग गर्नुहुनेछ र काम नलाग्ने सामग्री लिलाम विक्री अनिवार्य रुपमा गर्नुहुनेछ। अत्यावश्यक अवस्थामा वाहेक चालु आर्थिक वर्षमा थप फर्निचर तथा फिक्चर्स, कम्प्यूटर, ल्यापटप, प्रिन्टर खरिद नगर्ने नीति अवलम्वन गर्नुहुनेछ।

४०. वहुवर्षिय खरिद प्रक्रिया पुरा गरी कार्यान्वयनमा रहेका आयोजनाहरु बाहेक तपसिलमा उल्लेखित खर्च शीर्षकहरुमा विनियोजित बजेट खर्च गर्न आवश्यक भएमा सार्वजनिक खरिद ऐन र नियमावलीमा भएको प्रावधानमा आधारित भई खरिद योजना तयार गरी अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र खर्चका लागि प्रक्रिया शुरु गर्नु हुनेछ। यसरी स्वीकृति वेगर दायित्व सिर्जना भएमा सोको जिम्मेवार सम्वन्धित लेखाउत्तरदायी अधिकृत रहनुहुनेछ।

(क) ३१११२ — गैर आवासिय भवन खरिद
(ख) ३११२२ — मेसिनरी तथा औजार
(ग) ३११२३ — फर्निचर तथा फिक्चर्स
(घ) ३११३५ — पूँजीगत परामर्श
(ङ) ३११५१ — सडक तथा पुल निर्माण
(च) ३११५३ — विधुत संरचना निर्माण
(छ) ३११५४ — तटवन्ध तथा बाँध निर्माण
(ज) ३११५५ — सिंचाई संरचना निर्माण
(झ) ३११५६ — खानेपानी संरचना निर्माण
(ञ) ३११५७ — वन तथा वातावरण संरक्षण



२०८१।८।२
सुवास चन्द्र शिवाकोटी
प्रदेश सचिव

(ट) २११५८ – सरसफाई संरचना निर्माण

(ठ) २११५९ – अन्य सार्वजनिक निर्माण

(ड) २११६१ – निर्मित भवनको संरचनात्मक सुधार

(ढ) २११७१ – पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण

(ण) २११७२ – पूँजीगत अनुसन्धान तथा परामर्श

(त) २१५११ – भैपरी आउने पूँजीगत

४१. सरकारी कार्यालयहरूको लागि अति आवश्यक भई चार पाङ्ग्रे सवारी साधन खरिद गर्नुपरेमा विनियोजित बजेटको सीमामा रही अर्थ मन्त्रालयको सहमति सहित प्रदेश सरकारबाट निर्णय गराइ मात्र खरिद प्रक्रिया अघी बढाउनुपर्नेछ। यस शिर्षकमा थप आर्थिक दायित्व सिर्जना गर्ने गरी कुनैपनि निर्णय लिनुहुनेछैन। यस्तो सवारी साधन खरिद गर्दा मधेश प्रदेश सरकारको नीति अनुसार विद्युतिय सवारी साधन खरिदलाई प्राथमिकता दिने गरी व्यवस्था मिलाउनु हुनेछ।

४२. कानूनले सुविधा दिएको पदाधिकारी/ कर्मचारीलाई मात्र सवारी साधन उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ।

४३. मर्मत सुधार गर्दा समेत सन्चालनमा नआउने सवारी साधन अनिवार्य रूपमा लिलामी गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४४. प्रदेश अन्तर्गत विभिन्न जिल्ला तथा स्थानीय स्तरमा हुने तालिम, गोष्ठी, अन्तर्क्रिया आदि संचालन गर्दा विषयसँग सम्बन्धित संघीय तथा प्रदेशका अन्य मन्त्रालय तथा स्थानीय तहसँग समन्वय गरी दोहोरो नपर्ने गरी एकीकृत रुपमा संचालन गर्ने व्यवस्था मिलाउनु हुनेछ। सरकारी खर्चमा कार्यक्रम संचालन गर्दा सरकारी निकायकै सभाहल प्रयोग गर्ने व्यवस्था मिलाउनु हुनेछ। सरकारी सभाहल उपलब्ध हुन नसक्ने अवस्थामा अधिकतम मितव्ययी हुने प्रकारको कार्यक्रम आयोजना गर्नुपर्नेछ। यस प्रकारका क्षमता विकासका कार्यहरु आर्थिक वर्षको पहिलो र दोश्रो त्रैमासिक अवधिमा सम्पन्न गर्ने गरी कार्ययोजना तयार गरी गर्नुगराउनु हुनेछ।

४५. जग्गाको मुआब्जा निर्धारण गर्दा रजिष्ट्रेशन प्रयोजनको लागि सम्बन्धित मालपोत कार्यालयले निर्धारण गरेको सरकारी दररेटलाई आधार लिनु पर्नेछ।

४६. विषयगत निकायमा रहेका जनशक्तिको अधिकतम उपयोगको विषयलाई प्राथमिकता दिई कार्यसम्पादन गरी बाह्य निकाय/संस्था/व्यक्तिबाट परामर्शदाता नियुक्ति गरी कार्यसम्पादन गराउने प्रवृत्तिलाई निरुत्साहित गर्नु हुनेछ।

४७. कूटनीतिक महत्व र अन्तर्राष्ट्रिय सम्बन्धको कारण अनिवार्य रूपमा सहभागी हुनु पर्ने अन्तर्राष्ट्रिय सभा, सम्मेलन र अन्तर सरकारी बैठकका लागि अर्थ मन्त्रालयको सहमतिमा भाग लिनु पर्नेछ। विनियोजित बजेट खर्च गरी वैदेशिक भ्रमण गर्दा नेपाल सरकार मन्त्रिपरिषद्ले स्वीकृत गरेको वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिकाको अधिनमा रही अर्थ मन्त्रालयको पूर्व सहमतिमा मितव्ययी र छोटो अवधिको भ्रमण व्यवस्था गर्नु पर्नेछ।



२०८१/८/२

सुवास चन्द्र शिवाकोटी
प्रदेश सचिव

CamScanner

४८. सबै सरकारी निकायले आर्थिक दायित्व सिर्जना हुने विषयमा कुनै पनि निर्णय गर्दा वा प्रदेश मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा अर्थ मन्त्रालयको पूर्व सहमती लिने प्रावधानको पालना गर्नुहुनेछ। यसरी पूर्व सहमती माग गर्दा प्रदेशको संचित कोषको अवस्था, आर्थिक दायित्वको भुक्तानी औचित्य र मितव्ययीताको पक्षलाई ध्यान दिनु हुनेछ। स्वीकृत बजेट र कार्यक्रममा समावेश भएका बाहेक आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा वा प्रदेश सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा अनिवार्य रुपमा अर्थ मन्त्रालयको सहमति लिई मात्र गर्नु पर्नेछ। सहमति बिना भएको निर्णयबाट सिर्जित दायित्व भुक्तानीमा अर्थ मन्त्रालय जिम्मेवार हुनेछैन।

४९. वार्षिक आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको ४१ दिन भित्र सम्बन्धित प्रदेश लेखा इकाईमा पेश गर्ने व्यवस्था मिलाउनु हुनेछ।

**वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था:**

५०. आयोजना/कार्यक्रमको विस्तृत क्रियाकलाप, सम्पन्न गर्नुपर्ने अवधि र लागत उपलब्धी सूचक र जिम्मेवार कर्मचारी सहितको आयोजना कार्यान्वयन कार्ययोजना (Project Implementation Action Plan) भदौ मसान्त भित्र तयार गरी सम्बन्धित मन्त्रालयको वेबसाइट मार्फत सार्वजनिक गर्नु हुनेछ। साथै सोको जानकारी अर्थ मन्त्रालयलाई समेत दिनु हुनेछ।

५१. निर्माण कार्य स्थलमा सो कामसँग सम्बन्धित विवरणहरू (आयोजनाको नाम, लागत, कार्य शुरु भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अंक, ठेक्का लिनेको नाम तथा ठेगाना, काम सम्पन्न भएपछि हुने अपेक्षित परिमाण वा उपलब्धी) काम सम्पन्न नभएसम्म सर्वसाधारणले देख्न सक्ने गरी सार्वजनिक गर्नु पर्नेछ।

५२. नागरिकले सार्वजनिक सेवा र विकास निर्माणका कार्यमा गरेका लगानी सम्बन्धी योगदानको सूचना राख्ने व्यवस्था मिलाउनु हुनेछ। कार्यक्रमको प्रगति विवरणमा यस सम्बन्धी विषय उल्लेख गरी अर्थ मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगमा त्रैमासिक रुपमा प्रतिवेदन गर्नुहुनेछ।

५३. सार्वजनिक खर्चबाट भएका क्रियाकलापहरूले स्थानीय स्तर नै सिर्जना भएका रोजगारीको सूचना राख्ने व्यवस्था मिलाउनुहुनेछ। प्रदेश सरकारको लगानी अन्तर्गत भएको सार्वजनिक खर्चबाट सिर्जित रोजगारीको अभिलेख तयार गरी प्रदेशको रोजगार सूचना केन्द्रमा नियमित प्रतिवेदन गर्ने व्यवस्था मिलाउनु हुनेछ। प्रदेशको रोजगार सूचना केन्द्रले यस सम्बन्धी विवरण अधावधिक गरी सार्वजनिक गर्ने गराउने व्यवस्था श्रम तथा यातायात मन्त्रालयले मिलाउनु हुनेछ। यसका लागि आवश्यकता अनुसार स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रहरूसँग समन्वय र सहकार्य गर्न सकिनेछ।



२०७७/४/२

सुवास चन्द्र शिवाकोटी
प्रदेश सचिव

५४. राजश्व तथा खर्चको लेखा राख्दा महालेखा नियन्त्रक कार्यालयले तोकेको कम्प्यूटराइज प्रणालीबाट राख्ने व्यवस्था मिलाउनु हुनेछ।

५५. प्रदेश सरकार (मन्त्रिपरिषद्) द्वारा स्वीकृत सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिकाहरु को अक्षरसः कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५६. प्रचलित कानून बमोजिम स्थायी लेखा नं. (PAN) लिनु पर्ने व्यक्ति, फर्म वा संस्थालाई भुक्तानी गर्दा तथा तलब भत्ता, दैनिक भ्रमण भत्ता र कार्यक्रम संचालन गर्नका लागि दिइने पेश्कीहरुको समेत अनिवार्य रुपमा स्थायी लेखा नं. (PAN) उल्लेख गरी भुक्तानी गर्ने र स्थायी लेखा नं. को प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयमा पठाउने भुक्तानी आदेशमा समेत उल्लेख गर्ने व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नुहुनेछ।

५७. विभिन्न प्रकारका भुक्तानी गर्दा अनिवार्य रुपमा नियमानुसारको आयकर र पारिश्रमिक कर अग्रिम रुपमा कट्टा गरी दाखिला गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५८. आयोजना वा कार्यालय प्रमुखको कार्य सम्पादन मूल्याङ्कनलाई आयोजना/कार्यालयको प्रगतिसँग आवद्ध गरी वृत्ति विकास एवम् पुरस्कार र सजायको व्यवस्था मिलाउनु हुनेछ। बजेटमा स्वीकृत कार्यक्रम, पूर्वाधार विकास तथा आयोजनाहरुको संचालन तथा कार्यान्वयनको कार्यलाई गुणस्तरीय रूपमा समयमै सम्पन्न गराउन नियमित अनुगमन गर्ने तथा आवश्यक निर्देशन दिनुहुनेछ।

५९. बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धी सूचक सहितको प्रगति विवरण, कार्यान्वयनमा आइपरेका समस्या र कारणहरु उल्लेख गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगमा प्रत्येक महिनाको ७ गतेभित्र पठाउने व्यवस्था मिलाउनु हुनेछ।

६०. नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्नको लागि तलब भत्ता, ओषधि उपचार, उपदान, संचित बिदाको रकम् लगायत सबै प्रकारका भुक्तानीहरू सोझै बैंक खाता मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ। औषधि उपचार, उपदान, संचित बिदाको रकम भुक्तानी गर्दा A/C Payee चेक मार्फत मात्र भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ।

६१. अर्थ मन्त्रालयले बजेट कार्यान्वयनको स्थितिको र प्रस्तुत बजेट कार्यान्वयन मार्गदर्शन अनुरुप कार्य भए नभएको निरन्तर अनुगमन गर्नेछ। यस सन्दर्भमा बजेट वक्तव्यको आफ्नो निकायसँग सम्बन्धित बुँदाहरुको मासिक प्रगति विवरण समयमै पठाउने व्यवस्था मिलाउनु हुनेछ।

६२. विकास आयोजनाहरुको अनुगमन गरी विनियोजित बजेट अनुरुप खर्च गर्ने व्यवस्था मिलाउनु हुनेछ।

६३. सरकारी कार्यालय र सरकारी अनुदान प्राप्त गर्ने निकायहरुको आम्दनी र खर्चको विवरण मासिक रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२०८१/४/२

सुवास चन्द्र शिवाकोटी
प्रदेश सचिव

६४. बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समिक्षा गरी क्षेत्रगत उपलब्धि सूचक सहितको प्रगति विवरण कार्यान्वयनमा आईपरेका समस्या र कारणहरु उल्लेख गरी प्रदेश नीति तथा योजना आयोग १ अर्थ मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनु हुनेछ। प्रत्येक दुई दुई महिनामा अर्थ मन्त्रालयमा बजेट कार्यान्वयन समीक्षामा सहभागी हुनु हुनेछ।

प्रदेशको आर्थिक कार्य प्रणालीलाई विधिसम्मत, अनुशासित, मितव्ययी र परिमाणमुखी बनाउन थप सहयोगको अपेक्षा गरेको छु। साथै, आर्थिक वर्ष २०८१/८२ को बजेटसँग सम्बन्धित सम्पूर्ण प्रकाशनहरू यस मन्त्रालयको **website: www.mof.madheshgov.np** मा हेर्न र डाउनलोड गर्न सकिने व्यहोरा समेत जानकारीका लागि अनुरोध गरेको छु।

सुवास चन्द्र शिवाकोटी
प्रदेश सचिव

<u>बोधार्थः</u>
श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौं।
श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्रीमान् प्रमुख सचिवज्यू, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, मधेश प्रदेश, जनकपुरधाम।
श्री सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल, काठमाडौं।
श्री महालेखा नियन्त्रकको कार्यालय, अनामनगर, काठमाडौं।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, मधेश प्रदेश, जनकपुरधाम।